# शिवपुरी गाउँपालिका

## शेरावगर, नुवाकोट

# स्थानीय राजपत्र


| खण्डः ६ | संख्याः ६ | मितिः२०७९/०८/२७ |
|---|---|---|


## भाग – २

शिवपुरी गाउँपालिकामा  कृषि जन्य उत्पादनहरु सुरक्षित भण्डारणका लागि शिवपुरी गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# शिवपुरी गाउँपालिकाको चिस्यान केन्द्र (Cold Storage) सञ्चालन कार्यविधि, २०७९

**प्रमाणिकरण मितिः २०७९/०८/२७**

**प्रस्तावनाः**

यस शिवपुरी गाउँपालिका, नुवाकोट जिल्ला तथा आसपासका जिल्लाहरुमा विभिन्न प्रकारका कृषि जन्य उत्पादनहरु चिस्यान केन्द्रको अभाव हुदाँ पछिल्लो समयमा कुहिने बिग्रने तथा भण्डार गर्न टाढा सम्म पुर्याउनु पर्ने वाध्यताका कारण कृषकहरुलाई निरन्तर रुपमा मार परिरहेको अवस्थामा हाल सङ्घीय सरकार, बागमती प्रदेश सरकार र शिवपुरी गाउँपालिकाको संयुक्त लगानिमा निर्माण सम्पन्न भएको शिवपुरी गाउँपालिकाको चिस्यान केन्द्र (Cold Storage) संचालनको लागि यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "शिवपुरी गाउँपालिकाको चिस्यान केन्द्र सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

ख) यो कार्यविधि शिवपुरी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति २०७९/०८/२७ देखि लागु हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा

क) "कृषि जन्य वस्तु" भन्नाले कृषकहरुले उत्पादन गरेको पशु पन्छी जन्य उत्पादन बाहेक सम्पूर्ण लामो समयसम्म भण्डार गर्न सकिने उत्पादन जस्तै आलु, प्याज, अदुवा, बेसार तथा फलफुल लगाएतका कृषि जन्य उत्पादन बुझ्नु पर्ने छ ।

ख) "कार्यक्रम" भन्नाले सङ्घीय सरकार, बागमती प्रदेश सरकार र शिवपुरी गाउँपालिकाको संयुक्त लगानिमा निर्माण भएको शिवपुरी गाउँपालिकाको चिस्यान केन्द्र (Cold Storage) संचालन कार्य सम्झनु पर्दछ ।

ग) "चिस्यान केन्द्र" भन्नाले कृषि उपजको सुरक्षित भण्डारणको लागि चिस्यान सुविधा भएको एक वा धेरै च्याम्बर भएको एक तले संरचना (कोल्ड स्टोर) सम्झनु पर्दछ ।

घ) "समिति" भन्नाले यस चिस्यान केन्द्रको सञ्चालनको निम्ती शिवपुरी गाउँपालिका द्वारा गठित चिस्यान केन्द्र व्यवस्थापन समितिलाई सम्झन् पर्दछ ।

३) **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) कृषि उपजहरुको उत्पादन उपरान्तको क्षती न्यूनीकरण गर्ने ।

ख) कृषि उपजको गुणस्तर प्रवर्द्धन र मूल्य अभिवृद्धि सहित बजारको माग अनुसार आवश्यक परिमाणमा उपलब्ध गराउने ।

ग) कृषि उपजहरुको बजारिकरणलाई सहज गराउने ।

घ) यस क्षेत्रका कृषकहरुलाई आफ्नै क्षेत्रमा भण्डारणको सुविधा प्रदान गरि कृषि उत्पादन तर्फ आकर्षित गराउने ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन

४) **कोल्ड स्टोरको क्षमताः** यस चिस्यान केन्द्रको ५(पाँच) च्याम्बर क्रमसः १५०(एक सय पचास) मे.टन, ३०(तीस) मे.टन, ३०(तीस) मे.टन, ३०(तीस) मे.टन, ३०(तीस) मे.टन गरि यस चिस्यान केन्द्रको कुल क्षमता २७० मे.टन रहेको छ ।

५) **चिस्यान केन्द्र सञ्चालनः** यस चिस्यान केन्द्र संचालनको लागि शिवपुरी गाउँपालिका क्षेत्र भित्रका कृषि सहकारी, कृषक समुह तथा निजि क्षेत्रमध्ये बाट कुनै एक निकायलाई जिम्वेवारी दिइनेछ । चिस्यान केन्द्र संचालन तथा व्यवस्थापन गर्ने जिम्वेवार निकायको छनौट तथा चिस्यान केन्द्र सम्बन्धि अन्य अनुगमन तथा नियमनको लागि देहाय बमोजिमको ५ सदस्यीय चिस्यान केन्द्र व्यवस्थापन समिति गठन गरिने छ

| | |
|---|---|
| शिवपुरी गाउँपालिकाका अध्यक्ष | संयोजक |
| शिवपुरी गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| कृषि सहकारी संस्थाको प्रतिनिधी | सदस्य |
| कृषक समुहको प्रतिनिधी | सदस्य |
| कृषि शाखा प्रमुख | सदस्य सचिव |

६) **चिस्यान केन्द्रमा लाग्ने शूल्क**: कृषि जन्य उत्पादनहरु चिस्यान केन्द्रमा राखे बापत कृषकहरुले प्रति सिजन प्रति केजी रु ५ (पाँच) का दरले सेवा शुल्क रकम तिर्नु पर्ने छ ।

७) **नाफा बाँडफाँड :** चिस्यान केन्द्र सञ्चालनपश्चात प्राप्त कुल आम्दानी बाट लागत कटाई बाँकी रकमको ५०% संचालन गर्ने निकाय र ५०% शिवपुरी गाउँपालिकालाई हुने गरी रकम बाँडफाँड गर्ने गरि सम्झौता गरिने छ ।

८) **जिम्मेवारी तथा क्षतिपूर्ति को व्यवस्थाः** चिस्यान केन्द्रमा कृषिजन्य बस्तु भण्डारण गरे पछि कृषकले फिर्ता नलिए सम्म कृषिजन्य वस्तुको जिम्मेवारी चिस्यान केन्द्र सञ्चालकको हुनेछ । कुनै कारणवस माल वस्तु क्षति हुन गएमा सञ्चालकले प्रचलित कानुन बमाजिम क्षतिपुर्ती दिनु पर्ने छ । चिस्यान केन्द्र सञ्चालकले चिस्यान केन्द्रमा भण्डारण गरिएका माल वस्तुको बिमा गर्ने व्यवस्था मिलाउन सक्ने छ ।

## परिच्छेद ३
## छनौट प्रक्रिया

९) **सूचना प्रकाशनः** यस चिस्यान केन्द्र सञ्चालनको लागि शिवपुरी गाउँपालिका क्षेत्र भित्रका कृषि सहकारी, कृषिक समूह तथा निजी क्षेत्रलाई कार्य योजना सहित प्रशतावना पेश गर्न १५ दिनको सूचना प्रकाशन गरिने छ ।

१०) **छनौटः** प्रस्तावना पेश गरेका कृषि सहकारी, कृषक समूह तथा निजी क्षेत्रहरु मध्ये कुनै एक संस्थालाई निजले पेश गरेको प्रस्तावनाको मुल्याङ्कनको आधारमा चिस्यान केन्द्र सञ्चालक समितिबाट छनौट गरी चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मा दिईने छ ।

११) **कार्यक्रम सम्झौताः** छनौट भएको समूह, सहकारी वा निजी क्षेत्रलाई ७ दिन भित्र बोलाई सम्झौता गरिने छ ।

१२) **सम्झौता कार्यान्वयनः** सम्झौता पश्चात चिस्यान केन्द्र सञ्चालन गर्ने निकायले सम्झौतामा उल्लेखित शेर्त तथा मापदण्डहरु पुरा गरि चिस्यान केन्द्र सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद ४
## विविध

१३) **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु यसै कार्यविधि र उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१४) **वाधा अड्काउ फुकाउः** यस कार्यविधिको व्याख्यामा दुविधा उत्पन्न भएमा शिवपुरी गाउँपालिकाको कार्यपालिकाले आवश्यक निर्णय लिई बाधा अड्काउ फुकाउ गर्नेछ ।

१५) **कारवाहीको व्यवस्थाः** चिस्यान केन्द्र सञ्चालनको जिम्मेवारी पाएको निकायले कुनै किसिमको लापरवाही गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**संशोधनः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन आइ परेमा शिवपुरी गाउँपालिका कार्यपालिका बैठकबाट संशोधन गर्न सकिने छ ।

**आज्ञाले**
**वसन्त कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**